# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २२ साउन २०८०

# सोमवार

# बैठक सङ्ख्या- ३४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

**(१३:०३ बजे)** **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू,

(प्रमुख प्रतिपक्षी दलका माननीय दिल कुमारी रावल थापा "पार्वती" टेबुल ठोकेर केही कुरा भन्न खोज्नुभएको ।)

माननीय दिल कुमारी रावल थापा "पार्वती" सङ्क्षेपमा आफ्नो भनाइ राख्नु ।

**(१३:०४ बजे)** **<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामीले चाहेर यो गर्न खोजिरहेका छैनौं, बाध्यता छ । आज मुलुक सुन काण्डको घटनाले चर्चा परिचर्चा भैरहेको छ । हामी सबैलाई थाहा छ । २०८० साल साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार जाँच पास भएर बाहिरिसकेको अवस्थामा सिनामङ्गलबाट राजस्व अनुसन्धान विभागका टोलीले कुल तौल १५५

केजी जसमध्ये १०० केजी सुन बरामद भएको घटना हामी सबैलाई थाहा छ । यो घटनाले आज नेपालको सुरक्षा उदाङ्गो भएको छ, अन्तर्राष्ट्रिय जगतमा नेपालीको छवि धूमिल भएको छ । स्वाभिमानी नेपालीहरूको शिर निहुरिएको छ । यस्तो परिस्थितिमा पनि वर्तमान गठबन्धन सरकार संवेदनशील बनेको देखिँदैन । सुन काण्डको तथ्य सत्य पत्ता लगाउन उच्चस्तरीय छानबिन समितिको मागसहित नेकपा एमालेले सदन अवरुद्ध गरिरहेको छ । यसतर्फ सरकार गम्भीर छैन । उच्चस्तरीय छानबिन समिति किन भन्ने सन्दर्भ पनि आउन सक्छ । सुन तस्करसँग सरकारको सम्बन्ध छ भन्ने कुरा दर्जनौं तथ्यले पुष्टि गर्दछ । ११ महिनामा २२ हजार किलोभन्दा बढी शङ्कास्पद सामान भित्रिएको कुरा आएको छ । जसमध्ये १५ हजार किलो सुन नै रहेको भन्ने समाचार पनि छ । सरकार संलग्नता विना त्यस्तो कार्य सम्भव हुन सक्छ? कदापि हुन सक्दैन । त्यसैले सरकारले गर्ने छानबिनले आफैंलाई दोषी करार गर्ने आँट गर्छ भन्ने विश्वास नेपाली जनताले गर्न सकिरहेका छैनन् । त्यसकारण पनि निष्पक्ष छानबिन गर्न उच्चस्तरीय समितिको आवश्यक छ, भनेर हामीले भनिरहेका छौं । सुन तस्करसँग संलग्न भनिएका तिब्बत मुलका नागरिक दावा छिरिङ शेर्पाले ०७४ पौष २० गते नेपाल सरकारकै ठाडो आदेशमा काभ्रेबाट, काभ्रे जिल्लाबाट नेपाली नागरिकता दिलाइएको कुराहरू छ । त्यसबेला सरकारको नेतृत्व गर्ने व्यक्ति नेपाली काँग्रेसका सम्माननीय तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा हुनुहुन्थ्यो । गृहमन्त्री विमलेन्द्र निधि हुनुहुन्थ्यो भने माओवादी केन्द्र पनि सरकारमा सामेल थियो । उनले नेपालबाटै राहदानी पनि लिइसकेका छन् । सरकारले गर्ने छानबिनले त्यस बेलाका दोषीहरूलाई छानबिनको दायरामा ल्याउन सक्छ भन्ने कुरामा हामीलाई शङ्का छ, किमार्थ गर्न सक्दैन । त्यसैले पनि उच्चस्तरीय छानबिन समिति चाहियो भनेर हामीले भनिरहेका छौं । सुन तस्करसँग, सुन तस्करको जरैसम्म गएर समस्या पहिचान गर्ने हिसाबले पनि यो उच्चस्तरीय छानबिनको हामीले माग गरिरहेका छौं । दिलिप भुजेल, सामान्य ज्यालादारी मजदुरको नाममा रेडी ट्रेड प्रा. ली. कम्पनी दर्ता गर्न कसले लगायो? यो कम्पनीको माध्यमबाट हुँदै आएका अवैध धन्दा के के हुन्? यसको छानबिन सरकारबाट सम्भावना छैन । त्यसकारण पनि उच्चस्तरीय समितिको छानबिनको आवश्यक छ । Electric cigarette मा लुकाएर ल्याएको सुनका विषयमा कृष्णबहादुर महरा र राहुल महरा सुन तस्करीमा जोडिएका प्रमाणसहितको प्रतिवेदन सीआईबीले सरकारी वकिललाई बुझायो । तर पनि सरकारले अहिलेसम्म छानबिन गर्ने कुनै आँट गर्दैन । विभिन्न व्यक्तिसँग कुरा गरेका, सुन तस्करीसँग संलग्न भएका call detail ले पुष्टि गरिसकेको अवस्था छ । मान्छेलाई ढाँट्न सकिएला सम्माननीय अध्यक्ष महोदय, तर प्रविधिलाई ढाँट्न सकिँदैन, भन्ने कुरालाई सरकारले बुझ्न जरुरी छ । त्यसैले वर्तमान सरकारले, सरकारसँग जोडिएका आफन्तहरू पनि सुन तस्करसँग जोडिएको

हुनाले सरकारले गर्ने छानबिनमा उक्त व्यक्तिहरूलाई छानबिनको दायरामा ल्याउन सकिँदैन । त्यसकारण पनि उच्चस्तरीय छानबिनको हामीले माग गरिरहेका छौं । त्यसैले यो अहिले सदन अवरुद्धले नेपाली जनताका सरोकारका विषय संसदमा छलफल गर्नु पनि थुप्रै विधेयकहरूमा हामीले छलफल गर्नुपर्ने विषय हो । तर आज जुन मात्रामा जुन परिस्थितिमा आज सुन तस्करी भैरहेको छ, आज देश तस्करको अखडामा रूपान्तरण भैरहेको छ । आज राजधानीभित्रै चाहिँ सुन गाल्ने कारखानाहरू, बाहिर कृषि फर्मको नाममा, भित्र चाहिँ आज किलोका किलोका मात्रामा सुन गाल्ने मेसिनहरू राजधानीको टोखा नगरपालिकामा भैरहेको छ । यसले पनि आज सरकार के गरिरहेको छ? राजधानीभित्रै चाहिँ आज यत्रो मात्रामा चाहिँ सुन तस्करी भैरहेको छ । त्यसबिचमा सरकारका सुरक्षा अङ्गहरू के गरिरहेका छन्?

आज हामीले देखिरहेका छौं । राजस्व छलीसँग सम्बन्धित भनेर भनिरहेको छ, सङ्गठित अपराधसँग पनि यो मुद्दाहरू छ । सरकारका मन्त्रीहरूका कुराहरू विवादमा आइरहेका छन् । कसैले पुरस्कार दिएर यो समातिएको भनेका छन्, भने कसैले अनेक खालका कुराहरू आइरहेका छन् । प्रहरीलाई पनि यी छानबिनमा चाहिँ समस्या पर्ने हिसाबले मन्त्रीज्यूहरूका भनाइहरू पनि आइरहेको छ । त्यसैले राजस्व छली मात्रै होइन, सङ्गठित अपराधसँग पनि जोडिएको राष्ट्रसँग, राष्ट्रियतासँग, राष्ट्रिय सुरक्षासँग, अन्तर्राष्ट्रिय नेपालको छविसँग यो जोडिएको सुन काण्ड, सरकार, वर्तमान सरकारले मात्र छानबिन गरेर सम्भव छैन । त्यसैले उच्चस्तरीय छानबिन समिति निर्माण गरेर यससँग जोडिएका सामान्य दिलिप भुजेल मात्र होइन, उच्चपदस्थ राजनीतिक, प्रशासनिक नेतृत्वलाई पनि यो कारबाहीको दायरामा ल्याउनुपर्छ । र हामीले यो हिसाबले नेकपा एमाले संसद अवरुद्ध गरिरहेको छ, म सरकारलाई गम्भीर बन्नको लागि अनुरोध गर्न चाहन्छु । प्रतिपक्षले, प्रमुख प्रतिपक्षले उठाएको यो सवाल, राष्ट्रिय सुरक्षासँग जोडिएको सवाल, हाम्रो अन्तर्राष्ट्रिय सम्बन्धसँग जोडिएको सवाल, आज तस्करीको केन्द्र बनिरहेको त्रिभुवन विमानस्थलका सुरक्षा निकायसँग जोडिएको, आज तेत्रो तेत्रो सुन, क्विन्टलका क्विन्टल सुन चाहिँ तस्करी भैरहँदा सुरक्षासँग जोडिएका मान्छेहरू (**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय, सङ्क्षेपमा राख्नु आफ्नो भनाइ, सङ्क्षेपमा ।) .....कुरा आइराखेका हुनाले म फेरि पनि सम्माननीय अध्यक्षज्यूमार्फत सरकारले उच्चस्तरीय छानबिन आयोग, यो सुन तस्करीसँग जोडिएर उच्चस्तरीय छानबिन समिति निर्माण नहुँदासम्म नेकपा एमालेको यो सदन अवरुद्ध गर्ने कार्य निरन्तर रहने बेहोरा जानकारी गराउन चाहन्छु । धन्यवाद ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

**(१३:१२ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, विरोध र दबाबका शैलीहरू र कार्यक्रमलाई अलि परिमार्जन गर्दै सभा पनि चल्ने, यहाँहरूको दबाबमुलक कार्यक्रम पनि जारी रहने हिसाबले छोटो समय उभिने, फेरि सुरू गर्ने, विरोध पनि गर्ने, अलिकति हाम्रा प्रक्रियालाई पनि अगाडि बढाउने गरेर यो राष्ट्रिय सभाले नयाँ तरिका अपनाउँदा पनि राम्रो हुन्छ । यो म प्रमुख प्रतिपक्षका माननीयहरूलाई अलि नयाँ ढङ्गले सोचेर दबाबका कार्यक्रमहरूलाई पनि राखौं, यहाँका मागलाई पनि सरकार र जनतामा पुऱ्याउने बाटो खुल्ला राखौं र हाउसलाई पनि नियमित चलाऔं भनेर म आग्रह गर्न चाहन्छु ।

बस्दिनुहोस् माननीयहरू । यहाँहरूले काफी मात्रामा यहाँहरूको भनाइहरू, सदन, सरकार र आमनागरिकलाई पुऱ्याउनुभ' कै छ । हामीसँग दुइटा सदन छन्, त्यसमा पनि प्रतिनिधि सभा धेरै ठुलो सङ्ख्या र त्यहाँ पनि अवरूद्ध भइराखेकै छ । त्यसकारण राष्ट्रिय सभालाई अलि फरक ढङ्गले लानको लागि पनि यहाँहरूले नयाँ तरिका अपनाएर सँगै दबाब र सँगै सदन चलाउने, यसलाई नयाँ तरिकामा हामी जाऊँ । मेरो विशेष आग्रह छ माननीयहरूलाई ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

**(१३:२० बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, यसरी खडा भएर, यो बैठक अवरूद्ध भएर मात्रै अब यी विषयहरूको कुनै समाधान निस्कँने त्यस्तो देखिराख्या छैन । अहिले पनि संवाद भइराखेको छ । त्यसकारण संवादलाई अगाडि बढाऊँ । यहाँहरू आसन ग्रहण गरेर यो सदनलाई पनि अगाडि बढाऊँ । र यसको समापन हुनेसम्ममा हामी सकारात्मक निर्णय भएको पनि थाहा पाउन सकौं । फेरि पनि बैठक बसिरहनुभएको शीर्ष नेतृत्वलाई म ध्यानाकर्षण गराउँछु यस बैठकमार्फत कि उहाँहरूले आजकै बसाइबाट उपयुक्त एउटा निकास निकालेर हाउसलाई सुचारू गर्ने वातावरण बनाउनुहुनेछ ।

र म यहाँहरूलाई बस्न आग्रह पनि गर्दछु । अब उभिएरै यहाँहरूको माग, आवाज पूरा हुने भए अब मिनेटले चाहिँ अब नपुग्ने हो भने बढी उभिनुपर्ने हो कि? त्यस्तो भो' भने बरू त्यो व्यवस्था पनि गराउन सकिन्थ्यो । यसकारण म यहाँहरूलाई यो साङ्केतिक रूपमा जुन गर्नुभा'को छ, यो नै संसदीय अभ्यासमा काफी छ भन्ने मलाई लाग्छ । यसकारण पुनः आसन ग्रहण गर्नको लागि आग्रह गर्दछु ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल साउन २४ गते बुधवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल साउन २४ गते बुधवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १३:२६ बजे ।**